पैंयूँ गाउँपालिका

गाउँ कार्यपालिका बैठक

सम्वत् २०८०।२।११ बैठक क्र.सं. १७

निर्णयहरु:

१. गाउँकार्यपालिका पूर्व निर्णय र निर्णयको कार्यान्वयनको समिक्षा गरियो।

२. सम्वत् २०८०।२।१४ गते हुने बृहत सेवा सहितको स्वास्थ्य शिविर र पैंयूँ आधारभूत अस्पतालको सेवा शुभारम्भ कार्यक्रम ब्यवस्थित रुपमा सु-सम्पन्न गर्ने ।

३. मृगौला प्रत्यारोपण गरेका डायलसिस गराइरहेका, क्यान्सर रोगी र मेरुदण्ड पक्षघात भएका विरामीहरुलाई औषधी उपचार बापत खर्च उपलब्ध गराउने सम्वन्धी कार्यविधि २०७८ को दफा (३) बमोजिम ६ नं. बडा कार्यालयबाट अनुसूचि (२) बमोजिम निवेदनले पेश गरेको निवेदन संलग्न राखी सिफारिस भई आएकोले पैंयूँ गाउँपालिका वडा नं. ६ स्थायी ठेगाना भएकी श्री झक बहादुर थापा क्षेत्रीकी श्रीमति श्री सुनिता थापा क्षेत्री (ना.प्र.नं. ५९१६) लाई लाभ ग्राही कायम गरियो ।

४. गाउँपालिकाको सहयोग/समन्वयमा पैंयूँ क्षेत्र एम्बुलेन्स संञ्चालन समितिबाट सञ्चालन ब्यवस्थापनमा रहेको एम्बुलेन्स सेवामा छुट सुविधा दिइदै आइरहेकोमा उक्त समितिबाट खटाइएका र प्रतिमहिना २० हजारका दरले उपलब्ध गराउदै आएको तलव सुविधाको सात (७) महिना बरावरको रकम गाउँपालिकाले नै उपलब्ध गराउने साथै हाल मर्मत नगरि एम्बुलेन्स सञ्चालन गर्न नसकिने र नियमित मर्मत संभार गर्नु पर्ने अवस्थाको रहेको भनी समितिबाट जानकारी भएकोले हाललाई एम्बुलेन्स सेवा सञ्चालन गराउन नसकिने विषयमा छलफल भयो र सोही जानकारी समितिलाई गराउने ।

पैंयूं गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
हुवास, पर्वत
गण्डकी प्रदेश, नेपाल
२०७३